apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




न्यायबारे सचेतना फैलाउन 'विद्यार्थीसँग अदालत' कार्यक्रम
समाचार पृष्ठ ३

● वर्षः १२ ● अंकः १४१ ● पृष्ठः ४ ● २५ जेठ २०८३ सोमबार (08 June 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

# मोबाइल नष्ट गर्ने निर्णयविरुद्ध आज प्रशासन कार्यालय अगाडि प्रदर्शन



अपन दैनिक संवाददाता

**सिरहा ।** माध्यमिक शिक्षा परीक्षा (एसईई) र कक्षा १२ को परीक्षाका क्रममा जफत गरिएका मोबाइल फोन तथा स्मार्ट घडी नष्ट गर्ने निर्णयविरुद्ध आज जिल्ला प्रशासन कार्यालय सिरहा अगाडि विरोध प्रदर्शन हुने भएको छ। विद्यार्थी, अभिभावक तथा विभिन्न विद्यार्थी संगठनले क्षतिपूर्ति र न्यायको माग गर्दै प्रदर्शन गर्न लागेका हुन्।

गत चैतमा सम्पन्न एसईई तथा वैशाखमा सम्पन्न कक्षा १२ को परीक्षाका क्रममा जफत गरिएका सात थान आइफोन, ४८९ थान विभिन्न कम्पनीका एन्ड्रोइड मोबाइल र पाँच थान स्मार्ट वाच जिल्ला प्रशासन कार्यालय सिरहाले विहीबार नष्ट गरेको थियो। प्रशासनका अनुसार नष्ट गरिएका उपकरणहरूको अनुमानित बजार मूल्य एक करोड रुपैयाँभन्दा बढी रहेको छ।

मोबाइल नष्ट गर्ने निर्णयपछि विद्यार्थी तथा अभिभावकहरू आक्रोशित बनेका छन्। अनेरास्ववियु मधेश प्रदेश संयोजक सतिशचन्द्र सिंहले पीडित विद्यार्थीलाई न्याय दिलाउन, मोबाइलको उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा विद्यार्थीमाथिको दमन अन्त्य गर्न दबाब सिर्जना गर्ने उद्देश्यले प्रदर्शन आयोजना गरिएको बताए।

अभिभावकहरूले मोबाइलसँगै आफ्ना महत्वपूर्ण कागजात, पारिवारिक तस्बिर, भिडियो तथा सम्पर्क विवरणहरू समेत सधैंका लागि नष्ट भएको भन्दै प्रशासनको कदमप्रति आपत्ति जनाएका छन्। गोलबजारका अभिभावक तारकेश्वर यादवले आफ्नो भान्जाको जन्मदर्ताको प्रतिलिपि मोबाइलमै सुरक्षित रहेकाले

बाँकी पृष्ठ ३

# राजस्व नबुझाउने स्थानीय तहको अनुदान रोक्ने मधेश सरकारको तयारी



अपन दैनिक संवाददाता
सिरहा, जेठ २४ गते

कानुनले तोकेको राजस्व नबुझाउने स्थानीय तहलाई मधेश प्रदेश सरकारले सशर्त, विशेष तथा समपूरक अनुदान रोक्ने तयारी गरेको छ । प्रदेशमा १३६ स्थानीय तह रहेकामा २५ वटा स्थानीय तहले प्रदेश सरकारलाई बुझाउनुपर्ने राजस्व बाँडफाँडको रकम लामो समयदेखि प्रदेश सञ्चित कोषमा दाखिला गरेका छैनन्। ती स्थानीय तहबाट कुल ६२ करोड २९ लाख ५९ हजार २३२ रुपैयाँ प्रदेश सरकारलाई प्राप्त हुन बाँकी रहेको छ।

प्रदेश सरकारले पटकपटक ताकेता गरे पनि सम्बन्धित पालिकाले राजस्व बाँडफाँडको रकम प्रदेश सञ्चित कोषमा जम्मा नगरेपछि यस्तो कदम चाल्ने तयारी गरेको हो। केही दिनअघि महालेखापरीक्षकले सार्वजनिक गरेको आठौं वार्षिक प्रतिवेदनमा स्थानीय तहहरूले प्रदेश सरकारलाई बुझाउनुपर्ने राजस्व बाँडफाँडको रकम नबुझाएको उल्लेख गर्दै बेरुजु औंल्याएको थियो।

सोही प्रतिवेदनका आधारमा प्रदेश सरकारको अर्थ मन्त्रालयले तयार गरेको प्रतिवेदनमा २५ वटा स्थानीय तहले ६२ करोड २९ लाख ५९ हजार २३२ रुपैयाँ प्रदेश सरकारलाई नबुझाएको देखिएको छ। प्रतिवेदनअनुसार बाराको निजगढ नगरपालिकाले सबैभन्दा बढी राजस्व बाँकी राखेको छ।

निजगढ नगरपालिकाले आर्थिक वर्ष २०७९/८० देखि ढुंगा, गिट्टी,

बाँकी पृष्ठ ४

# रास्वपाको पहिलो जिल्ला अधिवेशन सिरहामा सुरु, नेतृत्व चयनका लागि तीव्र प्रतिस्पर्धा




अपन दैनिक संवाददाता
सिरहा, जेठ २४ गते

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सिरहा जिल्लाको पहिलो जिल्ला अधिवेशन आइतबार देखि सुरु भएको छ। पार्टीको जिल्ला अधिवेशन निर्वाचन समितिले जारी गरेको आधिकारिक सूचना अनुसार प्रतिनिधि प्रमाणीकरण तथा निर्वाचन प्रक्रियामा केही समय लागेकाले सोमवार बिहान १० बजेदेखि निर्वाचन प्रक्रिया सुरु हुने जनाएको छ।


जिल्ला अधिवेशन निर्वाचन समितिका का.वा. संयोजक डा. इन्द्रजित प्रसाद महतोद्वारा जारी सूचनामा जिल्ला कार्यसमिति चयनका लागि प्रतिनिधि प्रमाणीकरण, उम्मेदवारी दर्ता, दाबी-विरोध, नाम फिर्ता तथा मतदानलगायतका कार्यक्रम सञ्चालन भइरहेको जनाइएको छ। अधिवेशन सिरहाको धनगढीमाई नगरपालिका-१० मा आयोजना गरिएको हो।

रास्वपाको स्थापना पश्चात् सिरहामा पहिलोपटक हुन लागेको जिल्ला अधिवेशनले नयाँ नेतृत्व चयन गर्ने भएकाले पार्टी वृत्तमा विशेष चासोको विषय बनेको छ।

बाँकी पृष्ठ ४

सानालाई ऐन, ठूलालाई चैन

# प्रहरीमा सुल्झिन नसकेको अडियो काण्डः एसपी सरुवा, सई तानिए; नेतृत्वप्रति मौन !



सुवास गोतामे
काठमाडौं, जेठ २४ गते

मधेश प्रदेश प्रहरीसँग जोडिएको अडियो प्रकरण थप पेचिलो बन्दै गएको छ । अडियो सार्वजनिक भएपछि धनुषाका तत्कालीन प्रहरी प्रमुख एसपी रुगम कुँवरको सरुवा गरिएको छ भने तीन प्रहरी अधिकृतलाई प्रहरी प्रधान कार्यालय तानिएको छ ।

तर, अडियोमा नाम जोडिएका मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी गोविन्द थपलियासँग भने हालसम्म बयानसमेत नलिइएको विषयले प्रहरी संगठनभित्र र बाहिर चर्चा बढाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका वरिष्ठ सई सागर राणा र व्यापारी राजीव महासेठबीचको भनिएको अडियो सार्वजनिक भएपछि प्रहरी प्रधान कार्यालयले घटनाबारे छानबिन प्रक्रिया अघि बढाएको थियो ।

अडियोमा मधेश प्रदेश प्रहरी कार्यालय, घुमुवा परिचालन तथा आर्थिक लेनदेनसँग सम्बन्धित विषय

बाँकी पृष्ठ ३

# मधेश सरकारले जनलोकपाल आयोगमा नियुक्त गरेका सदस्य हत्याको आरोपी




अपन दैनिक संवाददाता
जनकपुरधाम, जेठ २४ गते

हत्याको आरोप खेपिरहेका एक व्यक्तिलाई मधेश प्रदेश सरकारको जनलोकपाल आयोगको सदस्यमा नियुक्त गरेको पाइएको छ। आयोगको सदस्यमा नियुक्त भएका औरही नगरपालिका-७, भोइल टिमकियाका सञ्जीव झा हत्याका आरोपी हुन्।

लामो समयदेखि रिक्त रहेको जनलोकपाल आयोग सदस्यमा झा र वडा नम्बर ८ श्रीपुरका सुजाता विमललाई नियुक्त गरिएको थियो। झा महोत्तरीको रामगोपालपुर नगरपालिका-२ का अध्यक्ष मुकेश यादवको हत्या आरोपमा पुर्पक्षमा जेल सजाय भोगेर साधारण तारेखमा रिहा भएका अभियुक्त हुन्।

वडाध्यक्ष यादवको हत्या आरोपमा झासँगै दिलिप मण्डललाई २०८१ कात्तिक ६ गतेका दिन जिल्ला

बाँकी पृष्ठ ३






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### कमला पुल नेता र मन्त्री भ्रमणमा सिमित !

नागरिकले निकै प्रतिक्षा गरिरहेको देशमै एउटा पुल हो, कमला नदीको पक्की पुल । हुलाकी राजमार्ग केन्द्रित यो पुल विगत १५ वर्षदेखि निर्माणधीन रहेको कुरा जगजाहेर छ। निर्माण कम्पनीको गम्भीर लापरबाही मात्र होईन, राज्यका निकायहरुको वेवास्तको शिकार नै कमला नदीमा पक्की पुल बनेको छ । पूर्वपश्चिम राजमार्गको दक्षिणी क्षेत्रको आर्थिक विकास र सहज पारवाहन सुविधाको लागि हुलाकी राजमार्ग केन्द्रित रहेको सडक र पुल बन्नु पर्छ। यसमा कुनै किन्तु र परन्तु हुनु हुँदैन्। तर विगत १५ वर्षदेखि कमला नदीमा पक्की पुल बन्दै गरेको छ। जसलाई अगामी असारमा पूरा गर्ने गरी टार्गेट प्वाईन्ट राखिएको छ। पुलमा भईरहेको कामको आधारमा पुल निर्माण पूरा हुने सम्भावना क्षिन रहेको छ। जुनसुकै नेता र प्राविधिकले गर्ने दाबी खोक्रो नै हुने हो। पुल समयमै पूरा गर्न प्रयाप्त जनशक्ति, यान्त्रिक उपकरण, निर्माण सामग्री चाहिन्छ। निर्माण स्थलको अवस्था हेर्दा कुनैपनि कुरा प्रयाप्त छैन्। जसले गर्दा असारभित्र पुल निर्माण पूरा हुने सक्ने आधार निकै कमजोर छ।

कमला पुलको शिल्यानाशदेखि अहिलेसम्मको १५ वर्षमा पूर्वप्रधानमन्त्री, मन्त्रीदेखि विभिन्न पार्टीका अध्यक्ष र शीर्ष नेताहरु नै पुगे । मुख्य राजनीतिक दल बाहेक भर्खर खोलिएका दलहरुका शीर्ष नेतृत्व पनि भाँसिएको कमला पुल निरिक्षण गर्न आए र आश्वासन बाँडेर फर्किए । पुलको अवस्था उस्तै छ । प्रधानमन्त्री बालेन्द्र शाहको कोर टिम -निकटका साथी) हुन् भौतिक पूर्वाधारमन्त्री सुनिल लम्साल । शनिवार सुनिल लम्साल पनि कमला पुलको निरिक्षण गर्ने व्यक्तिहरुको सूचीमा समावेश भए । सिरहा जिल्लाका रास्वपाका सांसद सहितको दलबल सहित पुगेका लम्साललले बजेटको कुनै कमी नहुने र अगामी असारसम्म पुल पूरा गर्न निर्माण कम्पनीलाई निर्देशन दिएर फर्किए ।

सिरहाको चन्द्र माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा २०७५ सालमा तात्कालिन शक्तिशाली प्रधानमन्त्री केपी शर्मा ओलीले पनि कमला पुल २०७७ वैशाखमा सम्पन्न हुने गरी आश्वासन बाँडेर फर्किएको थिए। तर पुल पूरा हुन सकेन्। देशको शासन सत्तामा रहेका व्यक्तिहरुको चासो नै नहुँदा कमला पुलसँगै हुलाकी राजमार्गमा पर्ने अरु पनि पुलहरु अलपत्र परेको छ। यस अघिका राष्ट्रिय सभाका अध्यक्ष, पूर्व राष्ट्रपति डा रामवरण यादव, पूर्वप्रधानमन्त्रीहरुको लस्कर नै कमला पुलको निरिक्षण गरेको छ। नेता र मन्त्रीको भ्रमणको सूचीमा कमला पुल परेपनि पुल निर्माण गर्ने सूचीमा कहिले परेको छैन्। जसका कारणले हुलाकी राजमार्ग भएर पूर्वदेखि पश्चिम यात्रा गर्ने जोकोहीलाई सास्ती भोग्नु परिरहेको छ। हुलाकी राजमार्गको सप्तरीको भारदहदेखि पर्साको ठोरीसम्मको पारवाहन सेवालाई चुस्त दुरुस्त बनाउन मन्त्रीहरुको निरिक्षण भन्दा पनि निर्माण कार्यलाई पूरा गर्न ठोस निर्देशन र बजेटसँगै निगरानीको आवश्यकता रहेको छ। अनि मात्र कमला पुलजस्तै अधूरा र अलपत्र रहेको पुल निर्माण सम्पन्न हुने र नागरिकले सुविधा पाउन सक्नेछ।


माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# चुनावपछि के गर्दै छन् थ्रेसहोल्ड बाहिर धकेलिएका दल ?

**पछिल्लो राजनीतिक लहर, मतदान प्रवृत्तिले ठूला, स्थापित र ऐतिहासिक दलहरुलाई समेत अस्तित्व रक्षा गर्न गाह्रो परिरहेको छ । यस्तो बेला यति धेरै साना दलहरु क्रियाशील भइरहने अपेक्षा गर्न सकिँदैन ।**




गत वर्ष फागुन २१ गते सम्पन्न आम निर्वाचनमा ५८ चुनाव चिह्नबाट ६४ राजनीतिक दलले समानुपातिकतर्फ भाग लिएका थिए । तीमध्ये ६ दलले मात्र ३ प्रतिशत संघीय थ्रेसहोल्ड कटाउँदै प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने अवसर पाए ।

प्रतिनिधिसभामा प्रतिनिधित्व पाएका ६ दलले कुल ९१.६२ प्रतिशत जनमतको प्रतिनिधित्व गर्दछन् । रास्वपाले ४७.४८, नेपाली कांग्रेसले १६.२४, एमालेले १३.४४, नेकपाले ७.४९, श्रम संस्कृति पार्टीले ३.५६ र राप्रपाले ३.०५ प्रतिशतको प्रतिनिधित्व गर्दछन्।

बाँकी ५८ दल थ्रेसहोल्डभन्दा बाहिर छन्। यिनले ८.३८ प्रतिशत अर्थात् करिब ४ लाख २० हजार मतको प्रतिनिधित्व गर्दछन् । यो मत एकीकृत हुन सकेको भए वा थ्रेसहोल्डले नरोकको भए ९ सिटसम्म प्राप्त हुन सक्थ्यो।

अहिले प्रतिनिधित्व पाएका २ दल श्रम संस्कृति पार्टी र राप्रपाले यसभन्दा कम मत मै प्रतिनिधित्व पाएका छन् । तसर्थ, थ्रेसहोल्डभन्दा बाहिर परेका दलहरू पनि राजनीतिक प्रवृत्तिको एउटा पाटो तथा लोकतान्त्रिक साझेदार हुन्। यी दल चुनावपछि के गर्दै छन्, लोकतान्त्रिक चासोको एउटा पक्ष यो हुने नै भयो।

थ्रेसहोल्डभन्दा बाहिर परेकामध्ये सबैभन्दा धेरै मत प्राप्त गर्ने दल उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल हो । प्रतिनिधिसभामा प्रतिनिधित्वविहीन भए पनि यसको राष्ट्रियसभामा ३ सिट छ। तीन प्रदेश कोशी, मधेश र लुम्बिनीमा गरी ३० प्रदेशसभा सदस्य छन्। १००० बढी स्थानीय तहमा जनप्रतिनिधि छन्।

यो मधेश जनविद्रोहको नेतृत्वकर्ता मधेशी जनाधिकार फोरमको उत्तराधिकार दल हो।

निर्वाचनअघि यो दल अशोक राईको नेतृत्वमा विभाजित भएको थियो । त्यसबाट पनि एउटा समूह फुटेर राजेन्द्र श्रेष्ठको नेतृत्वमा नेपाली कम्युनिस्ट पार्टीतिर गयो । अर्को एक समूह मोहम्मद इस्तियाक राई र प्रदीप यादवको नेतृत्वमा एमाले प्रवेश गर्‍यो । रेणु यादवलगायतका नेता नेताहरू उपेन्द्र यादव नेतृत्वकै जसपामा फर्किए।

इस्तियाक राई बाँके-२ बाट एमाले टिकटमा निर्वाचित भए । तर, प्रदीप यादव भने पर्सा-१ बाट पराजित भए।

भर्खरै सर्वोच्च अदालतले पार्टी विभाजन बेलाको मुद्दामा उपेन्द्र यादवलाई जिताइ दिएको छ । सर्वोच्चको फैसलासँगै अशोक राई नेतृत्वको जसपाको दर्ता खारेजी भएको छ।

अदालतको फैसालपछि अशोक राईले फेसबुकमा लेखेका छन्-'जसपाको दर्ता सर्वोच्च अदालतको फैसलाबाट बदर गरेको छ। यसले गर्दा विभिन्न पार्टीहरूसँग एकीकृत रुपमा नयाँ ढंगबाट अघि बढ्नका लागि बाटो खुलेको छ।'

गत निर्वाचनमा यो दल नागरिक उन्मुक्ति पार्टी, नेपालको चुनाव चिह्न जाँतो गठबन्धनमा सामेल थियो। यो गठबन्धन ६२ हजार ०६९ मतसहित १० औं स्थानमा थियो।

उपेन्द्र यादव समूह भने सर्वोच्च अदालतको फैसलाबाट उत्साहित छ । उसले राई समूहतिर लागेका नेता कार्यकर्तालाई फर्काउने प्रयास सुरु गरेको छ। राई समूहको दर्ता खारेजीपछि अलपत्र परेका जनप्रतिनिधिलाई स्पष्टीकरण सोध्ने, फर्किन चाहनेलाई अवसर दिने, नचाहनेलाई पद खारेजीको कारवाही गर्ने प्रक्रिया अघि बढाएको छ।

राई समूह फुटे पनि यादव समूहले महन्थ ठाकुर नेतृत्वको लोसपासँग एकीकरण गर्‍यो।

यो दल अहिले एकसाथ तीनवटा काम गरिरहेको छ । मधेश प्रदेशसभामा विपक्षी भूमिका, लोसपासँगको संगठनात्मक समायोजन र निर्वाचनमा पराजयको समीक्षा।

राई समूहले आइतबारका लागि उपत्यकामा उपलब्ध केन्द्रीय समिति सदस्यको बैठक बोलाएको छ । यसअघि वैशाख १९-२० गते केन्द्रीय समितिको बैठक गरेको थियो । बैठकमा प्रस्तुत प्रतिवेदन अनुसार पार्टीमा 'निराशा र पलायन' छ। पार्टीका ११ पदाधिकारीमध्ये ९ जनाले पार्टी परित्याग गरिसकेका छन्।

जाँतो गठबन्धनको अर्को दल रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी, नेपाल भने चुनावपछि रणभुल्ल छ। २०७९ को निर्वाचनमा थारु मतदाता बहुल निर्वाचन क्षेत्रबाट यो दलको आकस्मिक र लोभलाग्दो उदय भएको थियो।

टीकापुर जनविद्रोहका राजबन्दी रिहाइको मुद्दामा बनेको यो दल त्यसपछिका दिनमा आन्तरिक विवादमै फस्यो। रेशम चौधरी आम माफी पाएर रिहाइ त भए तर, पार्टीको वैधानिक नेता बन्न सकेनन्। पार्टी अध्यक्ष रंजिता श्रेष्ठ नेपाली कम्युनिस्ट पार्टीतिर लागिन्। रेशम-रंजिताको अन्तरकलहले हैरान भएकाहरूले नयाँ विकल्प खोजे।

यसपटक पनि दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुरसम्मको थारु बहुल क्षेत्रबाट केही सिट हात पार्न सक्ने यो दलको अपेक्षा थियो। तर, परिणाम शून्य भयो। नागरिक उन्मुक्ति पार्टीको ठूलो पंक्ति राष्ट्रिय स्वतन्त्र पार्टीतिर लाग्यो।

रेशम चौधरी अहिले अशोक राई नेतृत्वको समूहसँग एकता गर्ने कि भन्ने सोचमा छ। तर, राई समूहले भने त्यसलाई सहज मानेको छैन। चुनावी गठबन्धन सहज र फलदायी नभएपछि तीनवटै समूह एकअर्काबाट टाढिएका छन्।

जाँतो गठबन्धनको तेस्रो घटक राष्ट्रिय मुक्ति पार्टी शुक्रवारबाट केन्द्रीय कार्यकारिणी समितिको बैठक गरिरहेको छ । राजेन्द्र महतोको नेतृत्वमा रहेको यो दलमा पनि व्यापक निराशा छ । कतिपयले महतोको नेतृत्वमा अब पार्टी अघि बढ्न नसक्ने धारणा अघि सारेका छन्। तर, यसै गर्ने भन्ने रणनीति बन्न सकिरहेको छैन। मधेसकेन्द्रित दलहरूको एकता प्रयास गर्ने कि भन्ने विकल्पमा छलफल भइरहेको छ।

थ्रेसहोल्ड बाहिर परेको दोस्रो ठूलो दल कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टी हो। यद्यपि, यसको भिन्नै समानुपातिक सूची थिएन। बाँसुरी चिह्न भएको राष्ट्रिय परिवर्तन पार्टीमार्फत चुनाव लडेको थियो। १ लाख ७२ हजार ४८९ मत पाएको थियो।

नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक हुँदा गरेका काम र निजी लोकप्रियताले कम्तीमा १६ लाख भोट आउने अपेक्षा घिसिङले गरेका थिए। अनपेक्षित चुनावी परिणमले घिसिङ आफैं छक्क परे। उनलाई कहाँ गल्ती भयो भनेर बुझ्न गाह्रो परेको छ।

समर्थकहरू भने घिसिङको सोझो र टेक्नोक्र्याट स्वभावको कारण राजनीतिक दाउपेज बुझ्न नसक्दा यो स्थिति भएको ठान्दछन्। जेन जी आन्दोलनपछि बेलैमा पार्टी खोल्नुको साटो मन्त्री खान तिर लाग्नु र हचुवाका भरमा रास्वपामा प्रवेश गरी फर्किनु नै उज्यालो नेपाल पार्टीको दुर्भाग्य भएको विश्लेषण त्यहाँ भइरहेको छ।

घिसिङले पार्टीभित्र आफ्ना गल्ती, कमजोरी स्वीकार गर्ने गरेका छन्। तर, नयाँ स्थितिमा कस्तो रणनीतिसहित अघि बढ्ने भन्ने कुरामा दल अझै रणभुल्ल छ। उज्यालो नेपाल र चुनाव चिह्न चिमको निजी ब्रान्डिङले परिणाम दिन अब ग्राहो परेको छ।

तैपनि यो दल चुनावपछि नियमित गतिबिधि गरिरहेको छ । घिसिङले 'रास्वपाको निलो क्रान्ति धेरै नटिक्ने, आफूहरूले हरित क्रान्ति गर्ने' भन्दै समर्थकलाई उत्साहित गर्न खोजेका छन्।

घिसिङनिकट स्रोतका अनुसार समर्थकहरूको एउटा पंक्तिले उनलाई अझै रास्वपासँग पार्टी एकता गर्न दबाब दिइरहेको छ । तर, घिसिङ त्यसका लागि तयार छैनन्।

डा. सीके राउत नेतृत्वको जनमत पार्टीमा पनि चरम निराशा र भागदौड मच्चिएको छ। डा. राउतले अबदेखि आफू संसदीय निर्वाचन नलड्ने घोषणा गरेका छन् । पार्टीले पुनर्जीवनको प्रयासका लागि बालेन सरकारको विरोधलाई तीव्र पारेको छ। सोमबार माइतीघर मण्डलामा प्रदर्शन गर्ने कार्यक्रम राखेको छ।

आइतबार जनमत पार्टी केन्द्रीय समिति बैठक बस्दै छ । मंसिरभित्र पार्टीको महाधिवेशन आयोजना गर्ने योजना बनाएको छ । सीके राउतको 'ग्लेमर' एक चुनावमै गायब भएकोमा जानकार अस्वाभाविक मान्दैनन्। सीकेले २०७९ को सीमित सफलतापछि जेजस्ता काम गरे, त्यसबाट पार्टीमा चरम असन्तुष्टि सिर्जना भएको थियो । निर्वाचन परिणममा त्यो देखिएको मात्रै हो।

यहाँसम्मकी जनमत पार्टीले मधेशको मुख्यमन्त्री बनाएका सतीशकुमार सिंहले समेत अर्कै पार्टी बनाएर चुनाव लडेका थिए। चुनावअघि नै जनमत पार्टी परित्याग गरी अन्य दलमा जाने लर्को थियो।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईको अप्रत्यक्ष संलग्नता रहेको प्रगतिशील लोकतान्त्रिक पार्टी आन्तरिक विग्रह,

बाँकी पृष्ठ ४

## आजको राशिफल

**मेष** : सफलता सुनिश्चित हुनेछ। लगानी लाभदायक बन्नेछ। आँट र साहसिक प्रयासले नयाँ अवसरहरू प्राप्त हुने संकेत छ।

**बृष** : पुराना आकाङ्क्षा पूरा हुने समय आएको छ। मिहिनेतको कदर हुनेछ।

**मिथुन** : सकारात्मक सोच र पहलले अपेक्षित सफलता दिनेछ। नयाँ जिम्मेवारी हात पर्नेछ।

**कर्कट** : मिहिनेतको प्रतिफल पाइनेछ। अवरोध देखिए पनि धैर्यपूर्वक अघि बढ्दा उपलब्धि हासिल गर्न सकिनेछ।

**सिंह** : पारिवारिक सहयोग र सहकार्य प्राप्त हुनेछ। यात्राको योजना बन्न सक्छ।

**कन्या** : परीक्षा तथा प्रतिस्पर्धामा सफलता प्राप्त हुने संकेत छ। नयाँ जिम्मेवारी थपिन सक्छ।

**तुला** : आकाङ्क्षा सन्तुलित राख्दा लाभ हुनेछ। आत्मविश्वासमा वृद्धि हुनेछ।

**वृश्चिक** : आर्थिक योजना र पारिवारिक सहकार्यमा ध्यान दिनु उपयुक्त हुनेछ।

**धनु** : सहकार्य र धैर्यले समस्या समाधान हुनेछ। मन लागेको कार्यमा सन्तोषजनक उपलब्धि प्राप्त हुनेछ।

**मकर** : नयाँ काम थाल्न उपयुक्त समय हो। आर्थिक स्थायित्व आउने संकेत छ।

**कुम्भ** : काम र परिवारबीच सन्तुलन कायम गर्न सकिनेछ। रणनीतिक परिवर्तन लाभदायक हुनेछन्।

**मीन** : व्यावसायिक सम्बन्धमा सावधानी अपनाउनु बुद्धिमानी हुनेछ। स्वास्थ्यमा सुधार देखा पर्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# न्यायबारे सचेतना फैलाउन 'विद्यार्थीसँग अदालत' कार्यक्रम

✍अपन दैनिक संवाददाता
सिरहा, जेठ २४ गते



विद्यार्थीलाई अदालतको भूमिका, न्यायिक प्रक्रिया तथा कानुनी सेवाबारे जानकारी गराउने उद्देश्यले जिल्ला अदालत सिरहाले लहानस्थित जेएस मुरारका बहुमुखी क्याम्पसमा आइतबार 'न्यायमा बाह्य पहुँच' कार्यक्रम आयोजना गरेको छ।

लहान नगरपालिकाको सहयोगमा आयोजित कार्यक्रममा जिल्ला अदालत सिरहाका प्रमुख न्यायाधीश डा. श्रीप्रकाश उप्रेतीसहित अन्य न्यायाधीश, अधिवक्ता, स्थानीय जनप्रतिनिधि, शिक्षक तथा विद्यार्थीको सहभागिता थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख न्यायाधीश उप्रेतीले प्रत्येक नागरिकको कानुन र न्यायमा सहज पहुँच सुनिश्चित हुनुपर्ने बताए। "प्रत्येक व्यक्तिको कानुनमा सहज पहुँच हुन आवश्यक छ। न्यायको पहुँच समाजका निम्नवर्ग, विपन्न तथा पछाडि परेका समुदायसम्म पुऱ्याउन अदालतले वैतनिक वकिल तथा कानुनी सहायता कार्यक्रममार्फत निःशुल्क सेवा उपलब्ध गराउँदै आएको छ", उनले भने।

उनले यस्ता सेवाबारे आमनागरिकलाई अझ बढी जानकारी गराउन आवश्यक रहेको उल्लेख गर्दै स्थानीय तहले पनि न्यायिक सहायता प्रवाहमा महत्वपूर्ण भूमिका खेल्नसक्ने धारणा राखे। "स्थानीय न्यायिक समितिले प्रभावकारी रूपमा काम गर्नसके न्यायप्राप्ति प्रक्रिया अझ सहज र नागरिकमैत्री बन्न सक्छ", उप्रेतीको भनाइ थियो।

कार्यक्रममा लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चौधरीले यस्ता कार्यक्रमले न्यायप्रति नागरिकको विश्वास बढाउनुका साथै न्याय सबैका लागि हो भन्ने सन्देश प्रवाह गर्ने बताए। उनले भने, "न्याय भनेको ठूलाबडाको मात्र विषय होइन, समाजका हरेक नागरिकको अधिकार हो भन्ने सन्देश यस्ता कार्यक्रममार्फत समुदायसम्म पुग्छ। विद्यार्थीलाई कानुनी चेतना दिनु आजको आवश्यकता हो।"

क्याम्पस प्रमुख सञ्जय चौधरीले विद्यार्थीलाई व्यावहारिक तथा नागरिक शिक्षासँग जोड्ने यस्ता कार्यक्रम प्रभावकारी भएको बताउनुभयो। त्यसैगरी, अधिवक्ता सन्तोष सुवेदीले कानुनी सचेतनाले नागरिकलाई आफ्नो अधिकार र कर्तव्यबारे स्पष्ट बनाउने धारणा व्यक्त गरे।

जिल्ला अदालत सिरहाले यसअघि जेठ ८ गते सिरहाको माडरस्थित वज्रमोहन विद्यालयमा यस्तै कार्यक्रम सञ्चालन गरेको थियो। अदालतले आगामी दिनमा न्यायसम्बन्धी सचेतनामूलक कार्यक्रम समुदायस्तरसम्म विस्तार गर्दै लैजाने तयारी गरेको जनाएको छ।

कार्यक्रममा अदालत के हो, अदालतले कसरी काम गर्छ, नागरिकले न्याय प्राप्त गर्न अपनाउनुपर्ने प्रक्रिया तथा निःशुल्क कानुनी सहायता सेवाबारे विद्यार्थीलाई जानकारी प्रदान गरिएको थियो।

## प्रहरीमा सुल्झिन नसकेको अडियो काण्ड ............

उठाइएपछि प्रहरी नेतृत्व समेत दबाबमा परेको देखिएको छ।

यो प्रकरणको अनुसन्धानका लागि प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले एआईजी उमाप्रसाद चतुर्वेदीको संयोजकत्वमा छानबिन समिति गठन गरेका छन्।

समितिले धनुषाका तत्कालीन प्रहरी प्रमुख एसपी रुगम कुँवर, वरिष्ठ सई सागर राणा, वरिष्ठ सई गोपाल थापा मगर तथा सई जयलाल यादवसँग बयान लिइसकेको बताइएको छ।

स्रोतका अनुसार समितिले एसपी कुँवरसँग ३६ वटा, सागर राणासँग ३७ वटा, गोपाल थापा मगरसँग ३८ वटा तथा जयलाल यादवसँग ४२ वटा प्रश्न सोधेको छ। तर, अडियोमा नाम जोडिएका डीआईजी थपलियासँग भने हालसम्म बयान नलिइएको दाबी गरिएको छ।

यस विषयमा प्रहरी प्रधान कार्यालयले कुनै औपचारिक प्रतिक्रिया दिएको छैन।

छानबिन समितिका एक सदस्यका अनुसार डीआईजी थपलियासँग अहिलेसम्म बयान लिइएको छैन।

छानबिन चलिरहेकै बेला धनुषाका तत्कालीन प्रहरी प्रमुख कुँवरको सरुवा गरिएको छ। उनलाई नेपाल प्रहरी विशेष सुरक्षा गण, सुर्खेतमा पठाइएको हो।

सरुवाअघि मधेश प्रदेश प्रहरी कार्यालयबाट उनीसँग दुईपटक स्पष्टीकरण मागिएको बताइएको छ।

स्रोतहरूका अनुसार कुँवरले आफूले भोगेका प्रशासनिक दबाबबारे प्रहरी नेतृत्वलाई जानकारी गराएका थिए।

प्रहरी नियमावलीअनुसार सामान्य अवस्थामा एक वर्षभन्दा कम अवधिमा सरुवा नगर्ने व्यवस्था रहे पनि कुँवरको सरुवा तुलनात्मक रूपमा छोटो अवधिमै भएको देखिन्छ।

अडियो प्रकरणको प्रभाव धनुषामा मात्र सीमित नरहेको स्रोतहरूको भनाइ छ। मधेश प्रदेश प्रहरी कार्यालयले बारा र रौतहटका प्रहरी प्रमुखहरूसँग पनि स्पष्टीकरण मागेको बताइएको छ। स्पष्टीकरण पत्रमा राजस्व चुहावट नियन्त्रण गर्न नसकेको विषय उल्लेख गरिएको स्रोतको दाबी छ। यद्यपि बारा र रौतहटका प्रहरी प्रमुखहरूले भने यसलाई संगठनभित्रको नियमित प्रशासनिक प्रक्रिया भएको बताएका छन्।

प्रहरी संगठनभित्र यस घटनालाई लिएर विभिन्न तहमा चासो बढिरहेको बताइन्छ। छानबिनको दायरामा तल्लो तहका अधिकारीहरू परे पनि अडियोमा नाम जोडिएका सबै पक्षसँग समान रूपमा सोधपुछ भएको छ वा छैन भन्ने विषयमा समेत चर्चा भइरहेको छ।

यद्यपि छानबिन समिति वा प्रहरी प्रधान कार्यालयले यसबारे औपचारिक धारणा सार्वजनिक गरेका छैनन्।

अहिलेसम्म छानबिन समितिले आफ्नो अन्तिम प्रतिवेदन सार्वजनिक गरेको छैन। त्यसैले, अडियोको सत्यता, त्यसमा उठाइएका आरोपको आधार तथा सम्बन्धित अधिकारीहरूको भूमिकाबारे आधिकारिक निष्कर्ष आउन बाँकी छ।

प्रतिवेदन सार्वजनिक भएपछि मात्र घटनाको यथार्थ अवस्था र जिम्मेवारी निर्धारणबारे स्पष्ट तस्वीर आउने अपेक्षा गरिएको छ।




## मधेश सरकारले जनलोकपाल आयोगमा नियुक्त ............

अदालत महोत्तरीले पुर्पक्षका लागि जेल चलान गरेको थियो। दुवै जना उच्च अदालतबाट साधारण तारेखमा रिहा भएका हुन्।

तत्कालीन नेकपा (माओवादी केन्द्र) बाट वडाध्यक्षमा विजयी भएका मुकेश सवार लुप्र ०१-००१प६३६२ नम्बरको मोटरसाइकल २०८१ भदौ ९ गतेका दिन बिहानै जलेश्वर-बर्दिबास सडकखण्डको बर्दिबास नगरपालिका-८ स्थित कल्भर्ट नजिकै दुर्घटना भएको र वडाध्यक्ष यादवको शव कल्भर्टसँगै सडकभन्दा तल फेला परेको थियो।

घटना शंकास्पद रहेको भन्दै नेकपा माओवादी केन्द्रका नेता कार्यकर्ताले घटनाको अनुसन्धान गर्न सीआईबीको माग गरेका थिए।

जिल्लादेखि केन्द्रसम्म दबाबमूलक कार्यक्रम गरेपछि मुकेशको हत्या आरोपमा मुकेशकै साथीहरू झा र मण्डललाई प्रहरीले पक्राउ गरेर मुद्दा चलाएको थियो।

स्रोतका अनुसार झा पूर्वमुख्यमन्त्री सरोज यादव एवं सत्तारुढ दल नेकपा एमालेको कोटाबाट सदस्य पदमा नियुक्त भएका हुन्। पूर्वमुख्यमन्त्री यादवले भने आफ्नो वा आफ्नो पार्टीको कोटाबाट नभई निवेदन परेकामध्ये राम्रो देखिएकाले झालाई मुख्यमन्त्रीले सिफारिस गरेको बताएका छन्। 'दलीय हिसाबले कसैको नियुक्ति भएको होइन झाको कुनै दल संलग्नता नरहेको देखिएकाले नियुक्त गरिएको हो,' उनले भने।

उच्च नैतिक चरित्रका व्यक्तिलाई मात्रै सदस्यमा नियुक्त गर्न पाउने ऐनमा व्यवस्था रहेकाले हत्याजस्ता जघन्य अपराधमा मुछिएकालाई सदस्य पदमा नियुक्त गर्नु कतिको उचित हो भन्ने प्रश्नमा उनले भने, 'यो कानुनले छानबिन गर्ने विषय हो। यदि कानुनले मिल्दैन भने उनको नियुक्ति खारेज हुन्छ।'

झा सम्सीका एक होटल सञ्चालक हुन्। होटल सञ्चालनकै क्रममा यौन व्यवसायमा संलग्न रहेको आरोपमा पक्राउ परेर धरौटीमा रिहा भएको भन्ने आरोप पनि उनीमाथि लाग्दै आएको छ। त्यसबेला धरौटीमा रिहा गर्न वडाध्यक्ष यादवले झालाई आर्थिक सहयोग गरेको मृतक यादवकी पत्नी अतिय यादवले बताइन्।

उनले सामाजिक सञ्जालमा एक भिडियो सार्वजनिक गर्दै आफ्नो श्रीमानको हत्या मुद्दामा पूर्वमुख्यमन्त्री सरोज यादव पनि संलग्न भएको गम्भीर आरोप लगाएकी छन्। पूर्वमुख्यमन्त्री यादवले आफ्नो पदीय दबाबमा मुद्दा कमजोर गर्न लगेको र जेल चलान भएका आरोपितलाई साधारण तारेखमा रिहा गराएको उनी बताउँछिन्।

पूर्व मुख्यमन्त्री यादवले भने सो घटनामा आफ्नो कुनै संलग्नता नरहेको बताए। 'राजनीतिक प्रतिशोधका कारण केही व्यक्तिको बहकावमा आफूमाथि आरोप लगाइरहेकी छन्। यदि सो घटनामा मेरो संलग्नता भएको भए सोही बेला किटानी जाहेरीमा मेरो नाम दिनुपर्थ्यो,' उनले भने, 'घटनाको सीआईबीको टिमले समेत छानबिन गरेको छ। कानुनभन्दा माथि कोही छैन, यदि मेरो संलग्नता देखिए सजाय भोग्न तयार छु।'

उनले आफ्नो नाम लिएर सामाजिक सञ्जालमा चरित्र हत्या गर्ने गरी फैलाइएको अफवाहप्रति आपत्ति जनाएका छन्। 'यसरी सामाजिक सञ्जालमा मेरो नामै लिई जुन हिसाबले चरित्र हत्या गर्ने गरी अफवाह फैलाइँदैछ त्यो उचित होइन,' उनले भने। मृतक वडाध्यक्ष यादव र पूर्वमुख्यमन्त्री यादव एउटै वडा रामगोपालपुर-२, टेंगरा टोलका निवासी हुन्।

जनकलोकपाल आयोग र लोकसेवा आयोगमा गरिएको सदस्य मापदण्ड र कानुनविपरीत रहेको भन्दै प्रतिपक्षी दलहरूले गरेको विरोधका कारण ६ दिनदेखि संसद अवरुद्ध छ।

संवैधानिक निकायको रूपमा रहेका जनलोकपाल आयोग र लोकसेवा सेवा आयोगमा सरकार पक्षको तर्फबाट मुख्यमन्त्री, प्रतिपक्षी दलका नेता र सभामुख सम्मिलित तीन सदस्य कार्यसमितिले संवैधानिक निकायमा पदाधिकारी नियुक्त गर्ने कानुनी व्यवस्था रहेकोमा मुख्यमन्त्रीले प्रतिपक्षी दल र सभामुखलाई बेवास्ता गरी एकलौटीरूपमा नियुक्त गरेको भन्दै संसद अवरुद्ध गरेका थिए। यसै विषयलाई लिएर प्रतिपक्षी जसपा नेपालका सांसद सञ्जय यादव र मुख्यमन्त्रीबीच हात हालाहालको अवस्था समेत उत्पन्न भएको थियो।

## मोबाइल नष्ट गर्ने निर्णयविरुद्ध आज प्रशासन कार्यालय ...........

मोबाइल नष्ट भएपछि पुनः कागजात बनाउनुपर्ने अवस्था आएको बताए।

परीक्षामा मोबाइल जफत गरिएकी एक विद्यार्थीले मोबाइल फिर्ता नपाउँदा मानसिक तनाव झेल्नुपरेको बताइन्। अर्को अभिभावकले चिट चोरीमा संलग्न नभएका विद्यार्थीहरूको मोबाइलसमेत जफत गरी नष्ट गरिएको भन्दै निर्णयको विरोध गरे।

स्थानीय अभिभावक शम्भु साहले परीक्षा केन्द्रमा मोबाइल लैजान नपाउने नियम भए पनि परीक्षा कक्षमा प्रवेश गर्नुअघि प्रभावकारी रूपमा जाँच नगरिनु सम्बन्धित निकायको कमजोरी भएको बताए। उनले विद्यार्थीको गल्तीको नाममा अभिभावकले दुःख गरेर किनेको सम्पत्ति नष्ट गर्नु न्यायोचित नभएको टिप्पणी गरे।

यस विषयमा सिरहा नगरपालिकाका मेयर डा. नवनी कुमार यादवले केही अभिभावकले मोबाइल फिर्ता गराउन पहल गरिदिन आग्रह गरे पनि यो विषय परीक्षा व्यवस्थापनसँग सम्बन्धित भएकाले स्थानीय तहले हस्तक्षेप गर्न नसक्ने बताए।

नेपाल शिक्षक महासंघका पूर्वअध्यक्ष बाबुराम थापाले परीक्षा केन्द्रभित्र मोबाइल लैजान प्रतिबन्ध हुनु स्वाभाविक भए पनि जफत गरिएका मोबाइल नष्ट गर्नु कठोर र असान्दर्भिक कदम भएको बताए। उनका अनुसार परीक्षा अनुशासन कायम गर्न अन्य वैकल्पिक उपायहरू अपनाउन सकिन्थ्यो।

कानुन व्यवसायीहरूले समेत प्रशासनको निर्णयमाथि प्रश्न उठाएका छन्। कानुन व्यवसायी सुभेन्द्र साहले मोबाइल व्यक्तिगत सम्पत्ति भएकाले त्यसलाई नष्ट गर्ने निर्णय कानुनी रूपमा विवादित हुन सक्ने बताए। उनका अनुसार पीडित पक्ष अदालत पुगेमा निर्णयमा संलग्न अधिकारीविरुद्ध क्षतिपूर्तिसहित कारबाहीको माग हुन सक्छ।

यता प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले भने शिक्षा ऐन तथा जिल्ला परीक्षा समन्वय समितिको निर्णयअनुसार मोबाइल नष्ट गरिएको स्पष्ट पारे। जफत गरिएका मोबाइल लिलामी गर्न सकिने कानुनी व्यवस्था भए पनि भविष्यमा दुरुपयोग हुन सक्ने जोखिमलाई ध्यानमा राख्दै नष्ट गर्ने निर्णय गरिएको उनको भनाइ छ।

जिल्ला प्रशासन कार्यालयका अनुसार मधेश प्रदेशकी तत्कालीन शिक्षामन्त्री रानी शर्मा तिवारीको निर्देशनपछि मोबाइल व्यवस्थापनका लागि गठन गरिएको पाँच सदस्यीय समितिले बरामद उपकरणहरूको व्यवस्थापन गरेको थियो।

शिक्षा विकास तथा समन्वय इकाइ सिरहाका परीक्षा शाखा अधिकृत राजदेव यादवको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधि सम्मिलित पाँच सदस्यीय समितिले बरामद उपकरण व्यवस्थापनको जिम्मा पाएको थियो। मोबाइललाई नष्ट नै गर्ने निर्देशन दिएको भन्ने विषयमा बुझ्न खोज्दा तत्कालीन शिक्षा मन्त्री शर्मासँग सम्पर्क हुन सकेन।

समितिका अनुसार जफत गरिएका मोबाइलहरू जिल्ला प्रहरी कार्यालय परिसरमा २४ घण्टा पानीमा डुबाएर राखिएको थियो। त्यसपछि पुनः प्रयोग गर्न नसकिने अवस्थामा पुऱ्याई फुटाएर नष्ट गरिएको थियो।

शिक्षा विकास तथा समन्वय इकाइ सिरहाका सूचना अधिकारी पुष्कर गैरपिप्लीका अनुसार गत वर्ष जिल्लाबाट एसईई परीक्षामा ११ हजार ३७ विद्यार्थी सहभागी भएका थिए। तीमध्ये साधारणतर्फ १० हजार ६२५ र प्राविधिक धारतर्फ ४१२ विद्यार्थी थिए। नियमिततर्फ ६५.४४ प्रतिशत विद्यार्थी ग्रेडेड भएका थिए।

सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं।
- पर्व-उत्सवहरू मिलेर मनाऔं।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

विविधतामा एकता भन्ने भावना विकास गरौं।

विष्णुपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर
मधेश प्रदेश, सिरहा (नेपाल)

## चुनावपछि के गर्दै छन् थ्रेसहोल्ड बाहिर .........

कलह र अस्तित्व संकटको सामना गरिरहेको छ। प्रलोपाले गत निर्वाचनमा अपेक्षाकृत थोरै २४ हजार ६७६ मत मात्र प्राप्त गरेको थियो। १६ औं दल बनेको थियो। त्यो पनि गोरखाको साटो जनार्दन शर्माको प्रवेशपछि रुकुम पश्चिमको मतको ठूलो योगदान थियो।

यसका ५ अध्यक्ष परिषद् सदस्यमध्ये सुदन किराती श्रम संस्कृति पार्टी प्रवेश गरे। दुर्गा सोब राजीनामा गरेर निष्क्रिय भइन्। अन्य दुई सदस्य पनि निष्क्रियजस्तै छन्। सन्तोष परियारले एकल अध्यक्षका रूपमा पार्टी चलाइरहेका छन्। तर, भट्टराई र जनार्दन शर्मा खेमाबीच विवाद चर्किएको छ। अध्यक्ष परियार शर्मा खेमासँग नजिक छन्। भट्टराई खेमा पार्टी छोड्ने मनस्थितिमा पुगेको बताइन्छ।

जेठ १६-१७ गते बसेको सचिवालयको विस्तारित बैठकले भट्टराईका कतिपय अभिव्यक्तिप्रति औपचारिक रुपमै खेद प्रस्ताव पारित गरेको थियो। बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ-'पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले आफू सांगठनिक कार्यहरूमा सहभागी नहुने स्वैच्छिक जानकारी गराएपश्चात् पार्टीले ससम्मान आगामी यात्रा सफलताको शुभकामना दिँदै विदाइ गरेको थियो। तर, आफू संलग्न नरहेको पार्टीको नेतृत्वमाथि अराजनीतिक एवं स्तरहीन टिप्पणीप्रति पार्टी दुःखका साथ खेद प्रस्ताव पारित गर्दछ।'

बैठकले असोजमा महाधिवेशन गर्ने निर्णय गरेको छ।

सन्तोष परियारले बोलाएको विस्तारित सचिवालय बैठक नै अवैधानिक भएको भन्दै सोनाम सिंह स्याङतानसहित ७ जनाले भिन्नै विज्ञप्ति निकालेका थिए। प्रलोपाका एक केन्द्रीय सदस्य भन्छन्- 'यो पार्टी चौतारी जस्तो हो। धेरै दिन रहँदैन होला। सुदन किराती समूह हर्क साम्पाङको पार्टीमा गइसक्यो। उचित समयमा सबैले आफूलाई सहज हुने पार्टी रोज्लान्।'

गत निर्वाचनमा १० हजारभन्दा बढी मत ल्याएर थ्रेसहोल्डभन्दा बाहिर रहेका दल १७ वटा थिए। १० हजारभन्दा कम मत प्राप्त गर्ने दल ३९ वटा थिए।

पछिल्लो राजनीतिक लहर, मतदान प्रवृत्तिले ठूला, स्थापित र ऐतिहासिक दलहरूलाई समेत अस्तित्व रक्षा गर्न गाह्रो परिरहेको छ। यस्तो बेला यति धेरै साना दलहरू क्रियाशील भइरहने अपेक्षा गर्न सकिँदैन।

तर, यी दलको ध्रुवीकरण कसरी हुन्छ, त्यसले समेत आगामी राजनीतिको दिशा निर्धारण गर्न मद्दत गर्नेछ।

# अब प्रदेशस्तरकै अस्पतालबाट निजामती कर्मचारीले उपचार सेवा पाउने

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २४ गते**

अब निजामती कर्मचारीहरूले प्रदेश स्तरमै निजामती कर्मचारी अस्पतालको स्वास्थ्य उपचार सुविधा पाउने भएका छन्।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निजामती कर्मचारी अस्पताल (सिभिल अस्पताल, काठमाडौं) को सेवा प्रदेशस्तरसम्म विस्तार गर्ने नीति अनुसार प्रदेश अस्पतालहरूबाटै कर्मचारीलाई स्वास्थ्य सेवा उपलब्ध गराउन लागेको हो।

काठमाडौं उपत्यका बाहिर कार्यरत तथा बसोबास गर्ने निजामती कर्मचारी, अवकाशप्राप्त कर्मचारी र आश्रित परिवारहरूको सहजताका लागि प्रदेशमै स्वास्थ्य सेवा पुर्‍याउन लागिएको सामान्य प्रशासन मन्त्री प्रतिभा रावलको भनाइ छ।





मन्त्रालयका अनुसार निजामती कर्मचारी, अवकाशप्राप्त निजामती कर्मचारी तथा निजहरूको आश्रित परिवारलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज, सुलभ र पहुँचयोग्य रूपमा उपलब्ध गराउने उद्देश्यले प्रदेश अस्पतालहरूसँग सम्झौता सुरु भएको छ।

पहिलो चरणमा मधेश प्रदेशका लागि नारायणी अस्पताल वीरगञ्ज, पर्सा र बागमती प्रदेशका लागि भरतपुर अस्पताल, चितवनबाट निजामती कर्मचारीले निजामती अस्पताल काठमाडौंबाट पाउने छुट तथा सहुलियत सहित स्वास्थ्य सेवा पाउने छन्।

आइतबार मन्त्रालयले दुई अस्पतालसँग सम्झौता गरेसँगै सोमबारदेखि सेवा सुरु हुने छ।

सेवा प्राप्त गर्न निजामती कर्मचारी वा अवकाशप्राप्त निजामती कर्मचारीले निजामती कर्मचारी अस्पतालबाट जारी भएको अधिकारिक परिचयपत्र साथमा हुनु पर्ने छ।

मधेश र बागमती बाहेक अन्य प्रदेशमा समेत सेवा विस्तार गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसँग समन्वय भई सेवा प्रदायक अस्पतालहरूको सूचीकरण समेत भइसकेको छ।

आवश्यक तयारी चलिरहेकाले कहिदिनमै सबै प्रदेशबाट निजामती कर्मचारी अस्पतालले निजामती कर्मचारीहरूलाई उपलब्ध गराउँदै आएको छुट, सहुलियत सहितको स्वास्थ्य उपचार सेवा उपलब्ध गराइने मन्त्रालयले जनाएको छ।

# आइतबारको बिदा हट्ने चर्चा गलत, सरकार भन्छ- कुनै निर्णय भएको छैन

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २४ गते**

सरकारले दुई दिन (शनिवार र आइतबार) सार्वजनिक बिदा दिँदै आएकामा आइतबारको बिदा खारेज गर्न लागेको भन्ने समाचार सत्य नभएको जनाएको छ।

केही मिडियामा सरकारले हप्तामा दुई दिन शनिबार र आइतबार सार्वजनिक बिदा दिँदै आएकामा आइतबारको बिदा खारेज गर्ने तयारी गरेको समाचार आएपछि सरकारले त्यसको खण्डन गरेको हो।

प्रधानमन्त्री बालेन्द्र शाहका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले आइतबारको बिदा खारेज गरिएको भनेर आएको समाचार सत्य नभएको बताइन्।

उनले भनिन्, 'यस विषयमा सरकारले कुनै निर्णय गरेको छैन र अहिलेका लागि यस सम्बन्धमा कुनै तयारी पनि छैन।'

यसअघि पश्चिम एसियाको समस्याका कारण इन्धनमा भएको निरन्तरको मूल्यवृद्धि लगायतले जनजीवनमा सहज होस् भन्ने उद्देश्यले गत २२ चैतको मन्त्रिपरिषद्को बैठकले शनिबार र आइतबार सार्वजनिक बिदा दिएर कार्यालय समय बिहान ९ देखि अपराह्न ५ बजेसम्म कायम गर्ने निर्णय गरेको थियो।

**सूचना। सूचना।। सूचना।।।**

सिरहाको भगवानपुर गाउँपालिका वडा नं. ४ गैरसाहा बस्ने संगिता कुमारी यादवको मिति २०८३/०२/१३ गतेका दिन सर्टिफिकेट हराएकोले तपसिलमा उल्लेखित मितिमा प्रतिलिपी निकालेको हुदा सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

रजिष्ट्रेशन नं.: C-53149 Med CMA (Issue Date: 2017/09/18)
ठेगाना: भगवानपुर गा.पा-४ गैरसाहा, सिरहा मो.नं. ९८०४७३८४७३

## राजस्व नबुझाउने स्थानीय तहको अनुदान रोक्ने .............

बालुवाको रोयल्टी तथा विज्ञापन करबापत प्रदेश सरकारलाई बुझाउनुपर्ने २३ करोड ९२ लाख ७० हजार रुपैयाँ नबुझाएको हो। यसमध्ये विज्ञापन करबापत मात्रै २ लाख ८ हजार रुपैयाँ बाँकी रहेको छ।

त्यसैगरी, धनुषाको गणेशमान चारनाथ नगरपालिका, धनुषाधाम नगरपालिका र मिथिला नगरपालिकाले क्रमशः ३ करोड ८२ लाख ३९ हजार, १६ लाख ८० हजार र १ करोड ३५ लाख ४७ हजार रुपैयाँ आर्थिक वर्ष २०७९/८० देखि प्रदेश सरकारलाई बुझाएका छैनन्।

महोत्तरीको भंगाहा नगरपालिकाले १ करोड ७ लाख ८३ हजार, बर्दिबास नगरपालिकाले २ करोड ८५ लाख ३५ हजार तथा गौशाला नगरपालिकाले ६४ लाख ६० हजार रुपैयाँ प्रदेश सरकारको कोषमा जम्मा गरेका छैनन्।

सर्लाहीको बसबरिया गाउँपालिकाले ५ लाख ४३ हजार, हरिपुर नगरपालिकाले १७ लाख २२ हजार, ईश्वरपुर नगरपालिकाले ९२ लाख ५६ हजार, लालबन्दी नगरपालिकाले ७४ लाख ४२ हजार र बागमती नगरपालिकाले ६७ लाख ७७ हजार रुपैयाँ राजस्व बाँडफाँडबापतको रकम प्रदेश सरकारलाई बुझाएका छैनन्।

सिरहाको लहान नगरपालिकाले १ करोड ५० लाख ६० हजार, कर्जन्हा नगरपालिकाले ७७ लाख ३६ हजार, मिर्चैया नगरपालिकाले १६ लाख ८१ हजार, धनगढीमाई नगरपालिकाले २७ लाख १८ हजार तथा गोलबजार नगरपालिकाले ८० लाख १२ हजार रुपैयाँ प्रदेश सरकारलाई बुझाउन बाँकी रहेको छ।

त्यसैगरी रौतहटका गौर नगरपालिकाले ६२ लाख, चन्द्रपुर नगरपालिकाले ३८ लाख ३० हजार, जितपुर-सिमरा उपमहानगरपालिकाले १ करोड ३५ लाख ५१ हजार तथा कोल्हवी नगरपालिकाले ५ करोड ८३ लाख ८८ हजार रुपैयाँ राजस्व बाँडफाँडबापत प्रदेश सरकारलाई बुझाएका छैनन्।

पर्साको जिराभवानी गाउँपालिकाले १३ लाख ९७ हजार, पर्सागढी नगरपालिकाले ८ लाख १७ हजार तथा वीरगञ्ज महानगरपालिकाले २ करोड ३५ लाख ३४ हजार रुपैयाँ प्रदेश सरकारलाई तिर्नुपर्ने राजस्व बाँडफाँडको रकम नबुझाएको प्रतिवेदनमा उल्लेख छ।

अर्थ मन्त्रालयकी राजस्व अधिकृत चाँदनी दलामीका अनुसार प्रतिवेदनमा उल्लेख गरिएको रकमभन्दा बढी राजस्व पनि स्थानीय तहबाट उठाइएको हुनसक्ने सम्भावना छ। उनले भनिन्, 'हामीले महालेखापरीक्षकको प्रतिवेदन अध्ययन गर्दा यति रकम नबुझाइएको पायौं। तर, सम्बन्धित पालिकामै गएर विस्तृत अध्ययन गर्ने हो भने योभन्दा बढी रकम पनि फेला पर्न सक्छ।'

उनका अनुसार आर्थिक वर्ष २०७९/८० देखि नै कतिपय पालिकाले राजस्व उठाए पनि प्रदेश सरकारलाई त्यसको हिस्सा पठाएका छैनन्। कतिपय पालिकाले आफ्नो क्षेत्रभित्रका खोला तथा नदीको बालुवा-गिट्टी उत्खननको ठेक्का लगाए पनि त्यसबारे प्रदेश सरकारलाई जानकारी नदिई राजस्व बाँडफाँडको रकम पठाउन आनाकानी गरिरहेका छन्,' मन्त्रालयका एक कर्मचारीले भने।

यता, मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले कानुनले तोकेको राजस्व बाँडफाँडको रकम नबुझाउने स्थानीय तहलाई प्रदेश सरकारले उपलब्ध गराउने सशर्त, विशेष तथा समपूरक अनुदान रोक्ने गरी कानुनी व्यवस्था गर्न लागिएको बताए।

उनले भने, 'प्रदेश सरकारले स्थानीय तहलाई विभिन्न अनुदान उपलब्ध गराइरहेको छ। तर स्थानीय तहबाट प्रदेश सरकारले पाउनुपर्ने राजस्व प्राप्त भइरहेको छैन। त्यसैले कानुनले तोकेको राजस्व नबुझाउने पालिकालाई प्रदेश सरकारले दिने सशर्त, विशेष तथा समपूरक अनुदान रोक्ने व्यवस्था गर्न लागेका छौं।'

## रास्वपाको पहिलो जिल्ला अधिवेशन सिरहामा सुरु ............

अधिवेशनमार्फत जिल्लाको आगामी राजनीतिक तथा संगठनात्मक दिशा निर्धारण गर्ने नेतृत्व चयन गरिनेछ।

उम्मेदवार सूचीअनुसार जिल्ला सभापति पदमा हरि प्रसाद मैनाली, राम सौरथ यादव र सुभाष कुमार यादवबीच प्रतिस्पर्धा हुने भएको छ। उपसभापति पदमा इन्जिनियर अरविन्द कुमार राम, जीवछ यादव, निभा कुमारी यादव र गीता शाही चुनावी मैदानमा छन्।

त्यसैगरी सचिव पदका लागि रमेश कुमार यादव, राजेन्द्र मण्डल, परितोष कुमार यादव, अमित राज राई र डा प्रविण कुमार यादव प्रतिस्पर्धा हुँदैछ भने सह-सचिव पदमा अरविन्द कुमार यादव, फुलेश्वर नायक, रामहरि शर्मा, ओमप्रकाश श्रेष्ठ, रुपेश यादव र सञ्जय कुमारले उम्मेदवारी दिएका छन्। सदस्य पदमा पनि दुई दर्जनभन्दा बढी आकांक्षी चुनावी प्रतिस्पर्धामा रहेका छन्।

निर्वाचन समितिले उम्मेदवारविरुद्ध दाबी-विरोध, नाम फिर्ता तथा अन्तिम नामावली प्रकाशनका प्रक्रिया पूरा गर्दै लोकतान्त्रिक विधिबाट नेतृत्व चयन गरिने जनाएको छ। पार्टीका अनुसार अधिवेशनबाट निर्वाचित नेतृत्वले संगठन विस्तार, सदस्यता व्यवस्थापन, जनसम्पर्क अभिवृद्धि तथा आगामी निर्वाचनलाई केन्द्रमा राखेर रणनीतिक योजना निर्माण गर्ने जिम्मेवारी पाउनेछ।

छोटो अवधिमै राष्ट्रिय राजनीतिमा प्रभावशाली उपस्थिति जनाएको रास्वपाले देशभर संगठन सुदृढीकरण अभियानलाई तीव्र बनाइरहेका बेला सिरहाको यो पहिलो जिल्ला अधिवेशनलाई संगठन निर्माणको महत्वपूर्ण कोशेढुंगाका रूपमा हेरिएको छ। अधिवेशनबाट चयन हुने नेतृत्वले मधेश प्रदेशको राजनीतिक परिदृश्यमा पार्टीको प्रभाव विस्तार गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

रास्वपाका नेता-कार्यकर्ताहरूले अधिवेशनलाई संगठनात्मक एकता, आन्तरिक लोकतन्त्र र नयाँ नेतृत्व विकासको अवसरका रूपमा लिएका छन्। जिल्ला नेतृत्व चयनको प्रतिस्पर्धा रोचक बनेसँगै अधिवेशनप्रति कार्यकर्ता र शुभेच्छुकहरूको उत्साहसमेत उल्लेखनीय देखिएको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल

**सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं।
- पर्व-उत्सवहरू मिलेर मनाऔं।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

विविधतामा एकता भन्ने भावना विकास गरौं।

लक्ष्मीपुर पतारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लक्ष्मीपुर पतारी
मधेश प्रदेश, सिरहा (नेपाल)

**बिजुलीको सुरक्षित प्रयोग गरौं।**

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं।
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं।
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं।
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं।
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं।
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं।
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

सावधानी अपनाऔं, सुरक्षित रहौं।

कल्याणपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर
मधेश प्रदेश, सिरहा (नेपाल)